PAN No.: 601075869

FORWARD फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Microfinance Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजत-पत्र प्राप्त वित्तीय संस्था - 'राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको' Co.Regd.No.: 97254/069/070, NRB License No.: 29/069/070

Ref: २६/२०८३/०८४ Date: : २०८३/०४/२९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाण्डौ ।

नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

विषयः- त्रैमासिक वित्तीय विवरण पठाएको सम्बन्धमा ।

महोदय,
उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको आर्थिक बर्ष २०८२/८३ को **चौथो त्रैमासिक** वित्तीय विवरण तयार गरी सोहि अनुसारको वित्तीय विवरण **२०८३ साउन २९ गतेको नेपाल समाचारपत्र** राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिएको व्यहोरा अनुरोध छ । साथै त्यस कार्यालयको जानकारीका लागि सोहि अनुसारको वित्तीय विवरण यसैसाथ संलग्न गरी पठाएको व्यहोरा समेत जानकारीका लागि अनुरोध गरिन्छ ।

भवदीय,

.....

बिनोद कुमार चौधरी

कम्पनी सचिव

केन्द्रीय कार्यालय : दुहबी-५, सुनसरी
फोन नं.: ०२५-५४२०१८, फ्याक्स नं. ०२५-५४३४८३
काठमाण्डौ सम्पर्क : महालक्ष्मी-१, इमाडोल, ललितपुर
ईमेल: info@forwardmfbank.org.np

Central Office: Duhabi-5, Sunsari, Nepal
Phone No.: +977-25542018, Fax No.: +977-25543483
Kathmandu Contact: Mahalaxmi-1, Imadol, Lalitpur
E-mail: info@forwardmfbank.org.np

FORWARD फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड
Microfinance Laghubitta Bittiya Sanstha Ltd
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था - (राष्ट्रियस्तरको कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालय दुहबी-५, सुनसरी
फोन नं.: ०२५-५४२०१८, वेबसाइट: www.forwardmfbank.com.np

Interim Financial Statement

Statement of Financial Position
As on 32nd Ashad 2083 (16th July 2026)

Particulars	Ashad 2083	Ashad 2082 (Audited)
ASSETS		
Cash and Cash equivalent	1,773,465,384	1,028,699,139
Statutory Balances and Due from Nepal Rastra Bank	113,000,000	103,000,000
Placement with Bank & Financial Institutions	-	-
Derivative Financial Instruments	-	-
Other Trading Assets	-	-
Loans and Advance to MFIs and Cooperatives	-	-
Loans and Advances to customers	21,135,939,199	19,911,815,429
Investment Securities	933,837	1,195,691
Current Tax Assets	-	-
Investment Property	-	-
Property and Equipment	202,949,642	205,309,312
Goodwill and Intangible assets	1,950,256	3,192,277
Deferred Tax Assets	700,997,738	669,222,511
Other Assets	144,523,813	127,078,410
Total Assets	**24,073,759,869**	**22,049,512,768**
Liabilities		
Due to Bank and Financial Institutions	9,001,199,040	8,868,829,699
Due to Nepal Rastra Bank	-	-
Derivative Financial Instrument	-	-
Deposits from Customers	11,355,914,743	10,072,942,070
Borrowing	-	2,083,333
Current Tax Liabilities	4,878,183	150,519,072
Provisions	-	-
Deferred Tax Liabilities	-	-
Other Liabilities	380,171,401	248,241,987
Debt Securities Issued	-	-
Subordinated Liabilities	-	-
Total Liabilities	**20,742,163,367**	**19,342,616,162**
Equity		
Share Capital	1,195,953,710	1,195,953,710
Share Premium		
Retained Earnings	(18,672,930)	(497,455,469)
Reserves	2,154,315,721	2,008,398,365
Total Equity	**3,331,596,502**	**2,706,896,606**
Total Liabilities and Equity	**24,073,759,869**	**22,049,512,768**

Statement of Profit or Loss
For the period ended 32nd Ashad 2083 (16th July 2026)

Particulars	Ashad 2083		Ashad 2082 (Audited)	
	This Quarter	Up to this Quarter (YTD)	This Quarter	Up to this Quarter (YTD)
Interest Income	802,769,139	2,958,558,771	913,295,195	2,971,757,099
Interest Expense	369,517,970	1,440,833,104	392,653,695	1,569,414,144
Net Interest Income	**433,251,169**	**1,517,725,667**	**520,641,499**	**1,402,342,955**
Fees and Commission Income	57,027,872	199,504,943	38,280,822	168,986,172
Fees and Commission Expense	5,622	2,824,926	383,080	4,425,369
Net Fee and Commission Income	**57,022,251**	**196,680,017**	**37,897,742**	**164,560,803**
Net Interest, Fee and Commission income	**490,273,420**	**1,714,405,684**	**558,539,242**	**1,566,903,758**
Net Trading Income	-	-	-	-
Other Operating Income	11,825,689	39,097,208	14,278,238	30,506,526
Total Operating Income	**502,099,109**	**1,753,502,893**	**572,817,480**	**1,597,410,284**
Impairment charge/(reversal) for loans and other losses	(389,020,926)	134,151,340	1,136,301,938	1,511,305,660
Net Operating Income	**891,120,035**	**1,619,351,553**	**(563,484,458)**	**86,104,624**
Operating Expense	-		-	
Personnel Expenses	200,441,112	587,962,820	82,162,911	463,902,848
Other Operating Expenses	(5,547,478)	90,678,274	(5,942,912)	60,395,859
Depreciation and Amortization	40,071,635	52,148,776	34,706,772	50,363,614
Operating Profit	**656,154,765**	**888,561,684**	**(674,411,229)**	**(488,557,696)**
Non-Operating Income	49,430	264,944	279,500	562,184
Non-Operating Expense	-	-	106,966	273,074
Profit Before Income Tax	**656,204,195**	**888,826,628**	**(674,238,695)**	**(488,268,587)**
Income Tax Expense	195,457,317	265,244,047	(273,513,508)	(123,723,930)
Current Tax	227,200,025	296,986,755	167,086,499	316,876,077
Deferred Tax (income)/expense	(31,742,708)	(31,742,708)	(440,600,007)	(440,600,007)
Profit for the year	**460,746,878**	**623,582,581**	**(400,725,187)**	**(364,544,656)**
Profit attributable to:	-		-	
Equity holders of the Microfinance Institution	460,746,878	623,582,581	(400,725,187)	(364,544,656)
Profit for the period	**460,746,878**	**623,582,581**	**(400,725,187)**	**(364,544,656)**
Earnings Per Share (EPS)				
Basic Earnings per share		52.14		(30.48)
Basic Earnings per share (Annualized)		52.14		(30.48)
Diluted Earnings per share (Annualized)		52.14		(30.48)

Condensed Statement of Comprehensive Income

Particulars	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Profit/(loss) for the period	460,746,878	623,582,581	(400,725,187)	(364,544,656)
Other Comprehensive Income	(75,879)	(75,879)	(37,999)	(37,999)
Total Comprehensive Income	**460,670,999**	**623,506,702**	**(400,763,186)**	**(364,582,655)**

Ratios as per NRB Directive

Particulars	Ashad 2083		Ashad 2082 (Audited)	
	This Quarter	Upto this Quarter (YTD)	This Quarter	Upto this Quarter (YTD)
Capital fund to RWA		9.17%		6.12%
Non-performing loan (NPL) to total loan		16.17%		19.86%
Total loan loss provision to Total NPL		87.14%		72.41%
Cost of Funds (for the month only)		6.96%		8.57%
Credit to Deposit and borrowing Ratio		115.92%		117.19%
Base Rate (for the month only)		10.34%		11.84%
Interest Rate Spread		7.56%		6.40%

Statement of Distributable Profit or Loss
For the period ended 32nd Ashad 2083 (16th July 2026)
(As per NRB Regulation)

Particulars	Ashad 2083	Ashad 2082 (Audited)
Net Profit/(loss) as per Statement of Profit or Loss	**623,582,581**	**(364,544,656)**
Appropriations:		
a. General Reserve	(124,716,516)	-
b. Foreign Exchange Fluctuation fund	-	-
c. Capital redemption reserve	-	-
d. Corporate social responsibility fund	(6,235,826)	-
e. Employee training fund	-	-
f. Client Protection Fund	(12,471,652)	-
g. Other	-	-
Profit/(loss) before regulatory adjustment	**480,158,587**	**(364,544,656)**
Regulatory Adjustments:		
a. Interest Receivable (-)/previous accrued interest received(+)	19,768,803	(55,194,690)
b. Write back from restructured loans and advances transferred from reserve	-	254,009,975
c. Short provision for possible losses on investment(-)/reversal(+)	(183,298)	(98,759)
d. Deferred Tax Assets recognized (-)/reversal(+)	(31,742,708)	(440,600,007)
e. Actuarial Loss recognized (-)/reversal(+)	107,419	60,760
Net Profit for the period available for distribution	**468,108,804**	**(606,367,377)**
Opening Retained Earning as on Shrawan 1	(497,455,469)	230,165,755
Adjustment (+/-)		
Opening adjustment -NFRS and prior period	10,673,735	26,525,075
Distribution:		
Bonus shares issued	-	(140,389,977)
Cash Dividend Paid	-	(7,388,946)
Total Distributable Profit/(Loss) as on Period end date	**(18,672,930)**	**(497,455,469)**
Distributable Profit/(Loss) per share (Annualized)	**-1.56**	**-41.59**

Notes to the Interim Financial Statements:

1. The above figures are Unaudited and subject to change upon regulator's instructions and/or statutory auditors,
2. The Presented Interim financial statements have been prepared in accordance with applicable NFRSs issued by The ASB Nepal with some exceptions For details, please follow the financials published in website.
3. The FORWARD MFI have calculated the expected credit loss (ECL) figures in line with NFRS 9 and Central Bank Guidelines which is derived at lower than impairment as per NRB Directives. Hence, impairment as per NRB directives is considered in the quarterly financials.
4. Loans and Advances to Customers are presented net of impairment and includes interest accruals and Staff loans.
5. The detailed interim financial statements required as per NRB directives have been published in the Microfinance website; www.forwardmfbank.com.np

Interest rate on Loans and advances (applicable from 2083 Shrawan 1)			
Type	**Base rate**	**Premium**	**Interest rate**
Collateral	10.69	2.75	13.44
Non-Collateral	10.69	3.00	13.69
Interest rate on Deposits: 7.50% p.a. to 13.30% p.a.			

धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४
नियम २६ को उपनियम (१) संग सम्बन्धित

आ.व. २०८२/८३ को चौथो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

क. त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान हिसाब सम्बन्धी विवरण: यस वित्तीय संस्थाको आ.व.२०८२/८३ को चौथो त्रैमासिक नाफा-नोक्सान तथा वासलात सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ ।

ख. प्रमुख वित्तीय अनुपातहरु :

प्रति शेयर आम्दानी	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पतीको मूल्य	तरलता अनुपात	मुल्य आम्दानी अनुपात
५२.१४	२७८.५७	२०१२.९३	८.५५%	१८.७८

२. **व्यवस्थापकीय विश्लेषण :**

क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्बन्धी विवरण: यस त्रैमासिक अवधिमा ग्राहक सदस्यहरुले गरेको बचतमा थोरै वृद्धि भएको र बैंक तथा वित्तीय संस्थाबाट प्राप्त हुने थोक कर्जा रकममा सामान्य वृद्धि भएकोले तरलता बढेको देखिन्छ । यस अवधिमा बैंक तथा वित्तीय संस्थाबाट प्राप्त हुने थोक कर्जाको ब्याजदर थोरै घटेको, ग्राहक सदस्यहरुलाई लगानि भएको कर्जा रकममा केहि वृद्धि भएको र कर्जा नोक्सानी व्यवस्था गत वर्षभन्दा कमी लेख्नु परेकाले संस्थाको वित्तीय मुनाफामा वृद्धि भएको छ ।

ख. आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण: यस संस्थाले अगामी अवधिमा ग्राहक सन्तुष्टि तथा संस्था प्रति ग्राहकहरुको वफादारीता बढाउन वित्तीय साक्षरता लगायत विभीन्न कार्यक्रमहरु संचालन गर्ने, गुणस्तरिय तथा सुरक्षित कर्जा लगानीमा जोड दिई कर्जा विस्तार तथा अभिवृद्धि गर्ने, संस्थाको व्यवसायमा अभिवृद्धि तथा कर्जा असुलीका लागि सहज बातावरण बनाउन स्थानिय निकाय, समुदाय तथा जनप्रतिनिधिहरुसंग समन्वय गर्ने, सम्बन्ध विस्तार गर्ने, ग्राहक सदस्यको केन्द्र बैठकहरु नियमित रुपमा व्यवस्थित सञ्चालन गर्न गराउन पहल गर्ने, ग्राहक सदस्यहरुको घरभेट कार्यक्रम बढाई निजहरुलाई संस्था प्रति विश्वास तथा आत्मीयता बढाई कर्जा असुली तथा कर्जा बृद्धिमा जोड दिने योजना रहेको छ ।

ग. विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण: संस्थाले देशमा विद्यमान आर्थिक मन्दी र गाउँ गाउँमा विभिन्न समुहहरुबाट लघुवित्त कार्यक्रम विरुद्ध चलाई रहेको नकारात्मक अभियानबाट संस्थाको कर्जा असुलीमा कमी आई व्यवसाय तथा नाफामा पर्न सक्ने असरलाई मध्य नजर गरी आफ्ना फिल्ड कर्मचारीहरुको मनोबल तथा कार्य दक्षतामा अभिबृद्धि गर्न तालिमको व्यवस्था गरी ग्राहकहरुलाई संस्था प्रति वित्तिय सेवा मार्फत सन्तुष्ट बनाउने खालका कार्यक्रमहरु संचालन गर्दै गुणस्तरिय कर्जाको अभिबृद्धि गरी संस्थाको वित्तीय स्वास्थ्य तथा मुनाफा नियमित बढाउने रणनीति लिएको छ ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण :**

समिक्षा अवधिमा संस्था वा संस्थापक वा संचालकले कसैको विरुद्धमा र कसैबाट पनि वित्तीय संस्था, संस्थापक र संचालक विरुद्धमा मुद्दा दायर गरेको जानकारी छैन ।

४. **वित्तीय संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण :**

क. धितोपत्र बजारमा सुचिकृत भएको यस वित्तीय संस्थाको शेयरको कारोबारमा हुने उतार चढाव खुल्ला बजारको सिद्धान्त अनुरुप हुने गरेको छ ।

ख. त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मुल्य, कारोबार भएको दिन र कारोबार संख्या नेपाल स्टक एक्सचेन्ज लि.को वेवसाईटको आधारमा समिक्षा अवधिमा देहाय अनुसार रहेको छ ।

अधिकतम मूल्य	न्युनतम मुल्य	अन्तिम मूल्य	कारोबार दिन	कारोबार संख्या
१३६४.००	९३३.००	९७९.००	६४	५५३४

५. **समस्या तथा चुनौती :**

देशमा आर्थिक मन्दीको कारणले ग्राहकहरुबाट विगत वर्षहरुमा जस्तै उत्पादनशिल कर्जाको मागमा बृद्धि नहुनु, गाउँ गाउँमा विभिन्न अवैधानिक समुहहरुले कर्जा मिनाहा तथा लघुवित्त संस्था विरुद्ध चलाएको अभियानका कारणले संस्थाका कर्मचारीहरुलाई ग्रामीण तथा दुरदराजमा समुह बैठकमा गई किस्ता उठाउन तथा आवश्यक कार्यक्रमहरु संचालन गर्न असहज तथा असुरक्षित हुनु जस्ता प्रमुख चुनौती तथा समस्याहरु रहेका छन् ।

६. **संस्थागत सुशासन :**

विद्यमान ऐन कानुन, नीति नियम तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संस्थाले संस्थागत सुशासन कायम गर्न जोड दिएको छ । यसका लागि संस्थामा व्यवस्थापन सुचना प्रणाली, आन्तरिक नियन्त्रण प्रणाली तथा आन्तरिक लेखापरीक्षण कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन हुने गरि व्यवस्थापन गरिएको छ । यसै गरी विभिन्न समिति तथा उपसमितिहरु मार्फत आवश्यक नीति तथा कार्यविधिहरु निर्माण गर्ने र सोको प्रभावकारी कार्यान्वयनमा जोड दिएको छ ।

७. **सत्य तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवदेनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् । लगानीकर्ताहरुलाई सुसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सुचना तथा जानकारीहरु लुकाईएको छैन ।